दर्ता नं. १३१
मिती २०७७/८/२२

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशितमिति : २०७७/०८/२२

बोगटान फुडसिल गाउँपालिका/ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना(तेस्रो चरण), डोटीअन्तरगत सञ्चालित तपशिलका खानेपानी तथा सरसफाइ ,सिचाइ र शौचालय योजनाहरु का लागि परियोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु,फिटीङ्गस् तथाऔजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथउपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिम को तौल र गुणस्तरका सामानहरु सप्लाई गर्न इच्छुक मूल्यअभिवृद्धि करमादर्ता भएकाफर्म वा सप्लायरबाट निम्नशर्तहरु को अधिनमा रहीसिलबन्दी दरभाउ पत्र आव्हानगरिए को छ ।

शर्तहरु :

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु,फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउ पत्र फारम प्रतिफारामरु.३०००।००अक्षरेपी रु. तिनहजार मात्र (पछि फिर्ता नहुने गरी) बोगटान फुडसिल गाउँपालिका को ग्लोबल अइएमई बैंक चवारा शाखामा रहेको आन्तरिक राजस्व खाता नं. D७०४०१००००००७मा जम्मागरी लिखित निवेदनको साथमा मूल्यअभिवृद्धि कर दर्ताको प्रमाणपत्र,अद्यावधिक कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखीयो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिनको कार्यालय समयभित्र सम्बन्धित गाउँपालिका को कार्यालय, ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना डोटी, ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, परियोजना सर्म्पक कार्यालय, धनगढी वाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं)दिनको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालय वा सम्बन्धित बोगटान फुडसिल गाउँपालिका को कार्यालय चवारा चौतारा डोटी मा दर्ता गराउनु पर्नेछ । साथै दरभाउपत्र खरिद गरेको सक्कलै बैंक जम्माभौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइपतथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सिलवन्दी दरभाउपत्र पेशगर्दा सप्लायरको आधिकारिक प्रतिनिधिआफै उपस्थितभई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनको दिउसो १२.०० वजे भित्र प्राप्तभईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुले दिपायल मा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्रगर्नेछन । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्तअनुसार प्राप्तभएका दरभाउपत्रहरु संकलन गरी मिति २०७७।०९।०९ गते बोगटान फुडसिल गा.पा.को कार्यालय मा दिउसो १२:०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधापुग्नेछैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथाखोल्ने अन्तिमदिनमा सार्वजनिकविदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रिगरिने, दर्ता गरिने वाखोलिनेछ ।

७. दरभाउपत्रमा दर रेट लेख्दाअंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यतादिइनेछ । अंक र अक्षरमा केरमेटभएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगीआएको दरभाउपत्रउपर कुनै कारबाहीहुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०. अन्यशर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिमहुनेछ । थपशर्तहरु दरभाउपत्र साथै संलग्नगरिएको छ ।

११. यो सूचनामा केहि संशोधनगर्नु परेमा सो को सूचना बोगटान फुडसिल गाउँपालिका को सूचना पाटीमा टाँस गरिनेछ ।

१२. अन्यथप जानकारी चाहिएमा गाउपालिका/ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना गाउपालिका सहयोग इकाइ कार्यालय मा सम्पर्क गर्न सकिनेछ ।

तपशिल

१) कयार कार्स्टे खा.पा.तथा सरसफाइ उपभोक्ता समिति, वा.नं.५ बोगटान फुडसिल गाउपालिका, डोटी
२) छडिखोला खा.पा.तथा सरसफाइ उपभोक्ता समिति, वा.नं.५ बोगटान फुडसिल गाउपालिका, डोटी
३) डम्सिगाड पातल खा.पा.तथा सरसफइ उपभोक्ता समिति, वा.नं.४ बोगटान फुडसिल गाउपालिका, डोटी
४) डोटेपानि खा.पा.तथा सरसफाइ उपभोक्ता समिति, वा.नं.४ बोगटान फुडसिल गाउपालिका, डोटी
५) धार चौकुनेगडा खा.पा.तथा सरसफाइ उपभोक्ता समिति, वा.नं.६ बोगटान फुडसिल गाउपालिका, डोटी
६) भुताखेत सिचाई कुलो निर्माण उपभोक्ता समिति, वा.नं.६ बोगटान फुडसिल गाउपालिका, डोटी
७) आमतडा सिचाई कुलो निर्माण उपभोक्ता समिति, वा.नं.७ बोगटान फुडसिल गाउपालिका, डोटी
८) कालदेउ सिचाई कुलो निर्माण योजना उपभोक्ता समिति, वा.नं.५ बोगटान फुडसिल गाउपालिका, डोटी
९).खत्याडी मा.वि.विध्यालय शौचालय निर्माण उपभोक्ता समिति, वा.नं.७ बोगटान फुडसिल गाउपालिका, डोटी
१०) करकट्टे श्वर मा.बि.बिध्यालय शौचालय निर्माण उपभोक्ता समिति, वा.नं.१ बोगटान फुडसिल गाउपालिका, डोटी
११)गौडोमसानि आ.बि.बिध्यालय शौचालय निर्माण उपभोक्ता समिति, वा.नं.४ बोगटान फुडसिल गाउपालिका, डोटी

संयुक्त खरिद समिति संयोजक